का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० असोज २०८०,
बुधबार
27 September 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २४४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

कोशी प्रदेश

## मध्यावधिको मुडमा दलहरु

आफूले विश्वासको मत नपाउने र अर्को सरकार बन्न नसकेको अवस्थामा प्रदेश सभा विघटन हुने र कामचलाउ सरकारकै रुपमा चुनावी सरकारको नेतृत्व गर्नेसम्मको सपना मुख्यमन्त्री कार्कीले देखेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

सर्वोच्च अदालतको परमादेशका आधारमा अल्पमतको सरकार बनाएका कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की पहिले बजेट पास गर्ने र त्यसपछि विश्वासको मत लिने तयारीमा छन् । यसो गर्दा आफू नेतृत्वको सरकारको आयु लामो हुन पनि सक्ने एमाले नेताहरुको बुझाइ रहेको छ ।

२२ भदौमा मुख्यमन्त्री नियुक्त भएका कार्कीले २० असोजभित्र विश्वासको मत लिनुपर्ने हुन्छ । मुख्यमन्त्री भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ ।

बजेट अगाडि विश्वासको मत लिए सरकार टिकाउन बहुमत जुटाउनुपर्ने हुन्छ । हालसम्म सरकार टिकाउन कार्कीको पक्षमा बहुमत देखा परेको छैन । यस्तो अवस्थामा विश्वासको मत लिनुअघि बजेट पास गर्ने कार्कीको तयारी छ ।

नेताहरुका अनुसार आफूले विश्वासको मत नपाउने र अर्को सरकार बन्न नसकेको अवस्थामा प्रदेश सभा विघटन हुने र काम चलाउ सरकारकै रुपमा चुनावी सरकारको नेतृत्व गर्ने सम्मको सपना मुख्यमन्त्री कार्कीले देखेका छन् ।

कार्की सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा अल्पमतको सरकारको मुख्यमन्त्री छन् । अदालतले संविधानको धारा १६८ को उपधारा (३) अनुसार प्रदेशसभामा रहेको ठूलो दल एमालेको संसदीय दलका नेता कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । त्यस आधारमा मुख्यमन्त्री बनेका कार्कीले विश्वासको मत नपाए संविधानतः कुनै पनि सांसदले स्वतन्त्र रुपमा सरकार बनाउन सक्ने संवैधानिक व्यवस्था अनुसार सरकार गठनको आह्वान हुन्छ ।

कार्की नेतृत्वको सरकारले विश्वासको मत लिन नसके सरकार गठन प्रक्रिया उपधारा (५) मा पुग्नेछ । त्यसो हुँदा पनि बहुमत सदस्य देखाएर सरकार बनाउने दाबी प्रस्तुत गर्नुपर्दछ । त्यस्तो अवस्थामा स्वतन्त्र रुपमा पनि सरकार बनाउने अवस्था रहेन वा बन्न सकेन भने प्रदेशसभा विघटन हुने र मध्यावधिमा जान्छ ।

अल्पमतको सरकारले नै चुनाव गराउने अवस्था आउँछ । अर्को सरकार बन्न नसकेको अवस्थामा चुनावी सरकारको पृष्ठ २ मा



कोशी प्रदेशमा अहिलेको सरकारले विश्वासको मत लिन सकेन भने उपधारा ५ मा जान्छ । त्यसबेला सरकार बन्छ भने बन्छ । बन्दैन भने मध्यावधिमा जान्छ ।

**शेखर कोइराला**
**नेता, कांग्रेस**



## पछि हटे नेपाल सच्चियो अपानि

अपानिमार्फत गरिएको जिम्मेवारी हेरफेरले विवाद निम्त्याएको भन्दै मंगलबारको सचिवालय बैठकले विवादास्पद विषय सच्याउने निर्णय गरेको छ । तर के सच्याइएको हो प्रष्ट खुलाइएको छैन ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

एकीकृत समाजवादीले अन्तरपार्टी निर्देशन (अपानि) संशोधन गरेको छ । मंगलबार बसेको पार्टी सचिवालय बैठकले अपानिमा रहेका विवादास्पद विषय सच्याइएको उपाध्यक्ष राजेन्द्र पाण्डेले जानकारी दिए ।

उनका अनुसार 'जिम्मेवारी हेरफेरले विवाद भएको थियो । मंगलबारको बैठकले विवादास्पद विषय सच्याएको छ ।' तर के सच्याइएको हो प्रष्ट खुलाइएको छैन । उपाध्यक्ष पाण्डेका अनुसार सच्याइएको अपानि केहि दिनपछि जारी हुनेछ ।

पार्टीमा विवाद भएपछि एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल अपानि सच्याउन तयार भएका हुन् । अपानिकै कारण केही केन्द्रीय सदस्यले पार्टी नै छाडेको घोषणाा समेत गरिसकेका छन् ।

मंगलबारको निर्णयसँगै यसअघि जारी भएको एकीकृत समाजवादीमा अपानि कार्यान्वयन नहुने भएको छ । नेता तथा कार्यकर्ताले चर्को आलोचना गरेपछि सचिवालय बैठकले अध्यक्ष माधवकुमार नेपालले जारी गरेको अपानि संशोधन गर्ने निर्णय गरेको हो । नेताहरुका अनुसार अपानिको कार्यविभाजनसँग सम्बन्धित विषय फिर्ता भएको छ । नेताहरुका अनुसार आवश्यक परामर्श गरेर अर्को अपानि जारी हुनेछ । नेताहरुका अनुसार २१ जना मनोनीत सदस्यको विषय भने कार्यान्वयन भइसकेको छ ।

महाधिवेशनको मिति घोषणा भइसकेको अवस्थामा सामान्यबाहेक कार्यविभाजन हेरफेर नगर्ने सचिवालय र केन्द्रीय कमिटीको निर्णय भएकाले सोहीअनुसार हुने



जिम्मेवारी हेरफेरले विवाद भएको थियो । मंगलबारको बैठकले विवादास्पद विषय सच्याएको छ ।

● **राजेन्द्र पाण्डे**
**उपाध्यक्ष**
**एकीकृत समाजवादी**

सम्मानित नेता झलनाथ खनालले जानकारी दिए । उनका अनुसार अपानिमा भएको कमजोरी सच्चिएको छ । नेपालले भदौ पहिलो साता बसेको केन्द्रीय कमिटी बैठकको निर्णय भन्दै अपानि जारी गरेका थिए ।

एकीकृत समाजवादीका उपमहासचिव तथा प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले केही दिनअघि जारी गरिएको अपानि सच्चिएको बताए । अपानि जारी गर्दा हतारमा गरिएकाले अब त्यसलाई सच्याएर पठाउनुपर्ने माग अनुसार निर्णय भएको उनको भनाइ छ । उनका अनुसार यसअघिको अपानि अब कार्यान्वयन हुँदैन ।

पार्टी अध्यक्ष नेपालले गुटगत आधारमा नेताहरूको कार्यविभाजन गरेको, पक्षपातपूर्ण तरिकाले मनोनीत गरेको भन्दै अपानी जारी भएपछि सम्मानीत नेता झलनाथ खनाललगायतका नेताहरुले विरोध जनाएका थिए । पार्टी केन्द्रीय कमिटी र सचिवालय बैठकको निर्णय भन्दै अपानि जारी भएको थियो । मंगलबार बसेको एकीकृत समाजवादीको सचिवालय बैठकले यसअघिको अपानि फिर्ता लिने निर्णय गरेको हो । एकीकृत समाजवादीको गत भदौ ५, ६ र ७ गते केन्द्रीय कमिटी बैठक बसेको थियो । त्यसपछि पटक(पटक सचिवालय बैठक बसेको थियो ।

खतिवडाले भन्छन्, 'भदौ पहिलो साता बसेको केन्द्रीय कमिटी बैठकको आधारमा जारी भएको भनिएको अपानि फिर्ता भएको छ । अब परिमार्जन गरेर अर्को अपानी जारी हुनेछ । त्यही अपानिका आधारमा पार्टी गतिविधि र कार्य विभाजन लगायतका काम हुनेछन् ।'

नेताहरुका अनुसार अपानिमा असन्तुष्टि जनाएर राजीनामा दिएका नेताहरुलाई राजीनामा फिर्ता लिन भनिएको छ ।




अपानिलाई देखाएर केन्द्रीय सदस्य सावित्री मल्लले पार्टी परित्याग गरेको बताएकी थिइन् । उनले पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## टर्की पठाउने भन्दै झण्डै सवा करोड ठग्ने महिला पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज

मुलुकमा रोजगारीको सिर्जना नभएको र निकट भविष्यमा पनि हुने सम्भावना नदेखेर निराश बनेका युवायुवती वैदेशिक रोजगारका नाममा डरलाग्दो ठगीमा पर्ने क्रम व्यापक देखिएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले वैदेशिक रोजगारीका लागि टर्की पठाइदिन्छु भन्दै एक करोड रुपैयाँभन्दा बढी ठगी गरेको अभियोगमा एक महिलालाई पक्राउ गरेको छ ।

उक्त घटनाले बेरोजगार नेपाली कसरी सजिलैसँग ठगीको जालोमा परिरहेका छन् भन्ने देखाउँछ । पोखराको लेखनाथ टोल बस्ने ३२ वर्षीया सुरुची भुजेल र पोखराका विनोद श्रेष्ठले सिर्जन कुमार राईसमेत ३० जना युवालाई वैदेशिक रोजगारीका लागि टर्की पठाइदिन्छु भन्दै १ करोड १५ लाख ९९ हजार ८ सय रुपैयाँ ठगी गरेको पाइएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बताएको छ ।

उनीहरूले भूकम्पपछि ध्वस्त भएको टर्कीको पुनर्निर्माणका लागि संयुक्त राष्ट्रसंघ (यूएन)ले शुरू गरेको काममा मासिक १४ सय अमेरिकी डलर करिब १ लाख ९० हजार रुपैयाँ बराबर तलब हुने प्रलोभन देखाएर पीडितबाट सवा करोडभन्दा बढी ठगी गरेको प्रहरीको दाबी छ ।

वैदेशिक रोजगार विभागले पठाएको पत्रका आधारमा केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले भुजेललाई पोखराबाट पक्राउ गरेको हो । श्रेष्ठ भने हालसम्म फरार छन् । भुजेलविरूद्ध ठगीको अभियोगमा मुद्दा चलाउन काठमाडौं जिल्ला अदालतबाट ७ दिनको म्याद लिइ अनुसन्धान भइरहेको पनि ब्युरोले जनाएको छ ।

ब्युरोले भुजेल र श्रेष्ठबाट ठगिएका युवाहरूलाई सकेसम्म छिटोभन्दा छिटो सम्पर्क गर्न पनि आग्रह गरेको छ । वैदेशिक रोजगारीका नाममा ठगी प्रवृत्ति व्यापक बनेको विभागले बताएको छ । यस आर्थिक पृष्ठ २ मा

### कुवेतको श्रम सहचारीमा आचार्य छनोट

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कुवेतका लागि लिएको श्रम सहचारीको परीक्षामा गिरी प्रसाद आचार्य छनोट भएका छन् । उक्त पदका लागि आचार्यसँगै शाखा अधिकृतहरू उषा थपलिया पाण्डे, कल्पना खनाल रेग्मी, जनक सिंह उखेडा, प्रदीप कुमार ढकाल, प्रेम प्रसाद पोखरेल, विकास रजक र सुनिता थापाको आवेदन परेको थियो ।

मन्त्रालयले गत असोज ६ गते उनीहरूको विषयवस्तुको ज्ञानबारे प्रस्तुतीकरण लिएर नतिजा सार्वजनिक गरेको हो । कुवेतमा कार्यरत श्रम सहचारी पृष्ठ २ मा

ई:-काठमाडौं महानगर वार्ता

## वार्ता भयो, सहमति जुटेन

वार्तामा काठमाडौं महानगरले सडक व्यवसायीलाई स्थान तोकेर व्यापार गर्न दिन लचिलो भए पनि व्यवसायीले त्यो स्वीकार नगरेका कारण वार्ता बिथोलिएको बताइएको छ ।



*अभियन्ता ई: र काठमाडौं महानगरबीच वार्ता गर्न बसेको टोली ।*

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र साना सडक व्यवसायीको व्यवस्थापनको माग गर्दै आन्दोलनरत ई: बीचको वार्ता निष्कर्ष विहीन भएको छ । मंगलबार महानगरको वार्ता टोली र ई: का प्रतिनिधिबीच दिउँसोदेखि रातिसम्म चलेको वार्ता निष्कर्ष विहीन भएको हो । वार्तामा सहभागी काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले पृष्ठ २ मा

### महनगरबाट गरिबी लखेट्नुपर्छ, गरिब होइन : ओली

एमाले अध्यक्ष केपी शर्मा ओली फुटपाथ व्यापारलाई व्यवस्थित बताउन सकिने बताउँछन् ।

फुटपाथ व्यापारीलाई काठमाडौं महानगरले अमानवीय व्यवहार गरेको, मेयर बालेन्द्र शाह र उपमेयर सुनीता डंगोलले चुनावी वाचा बिर्सिएको भन्दै अभियन्ता ई: काठमाडौं महानगरको कार्यालयअघि उभिइरहेका बेला ओलीले यस्तो बताएका हुन् । ई: लाई भेट्न मंगलबार उपमेयर पृष्ठ २ मा

# शिक्षा विधेयकमाथि आपत्ति जनाउँदै मुस्लिम समुदायले शिक्षामन्त्रीलाई बुझाए ज्ञापनपत्र

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, ९ असोज

शिक्षा विधेयकमाथि आपत्ति जनाउँदै आवश्यक संशोधनका लागि मुस्लिम नेता तथा अगुवाहरूले शिक्षा मन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । नौ बुँदे ज्ञापनपत्रमा सार्वजनिक विद्यालयझैं सार्वजनिक शैक्षिक गुठीको रूपमा प्रस्ताव गरिएको गुरुकुल, गोम्पा र मद्रसा जस्ता परम्परागत धारका शैक्षिक संस्थाहरूलाई सरकारले शिक्षक, कर्मचारी दरबन्दी लगायतका खर्चहरू व्यहोर्नुपर्ने, यी शैक्षिक संस्थाहरूलाई दिँदै आएका सुविधाहरू कटौती गर्न नहुने, मद्रसाहरूबाट शिक्षा प्राप्त आल्मियत, फजिलत लगायतका शैक्षिक प्रमाणपत्रलाई क्रमशः स्नातक र स्नात्कोत्तरसरहको समकक्षता दिनुपर्ने, मद्रसाबाट शिक्षा प्राप्त शिक्षकहरूलाई उनीहरूको शैक्षिक योग्यता र शिक्षण अनुभवको आधारमा अल्पकालिन शिक्षण प्रशिक्षण दिएर लाइसेन्सको व्यवस्था मिलाउनुपर्ने, अनिवार्य बाहेकका ऐच्छिक



विषयहरूको हकमा माध्यम भाषा अरबी र उर्दू खुलाउनु पर्ने, मद्रसामा प्रधानाध्यापक मुस्लिमलाई नै नियुक्त गर्नुपर्ने माग राखिएको छ । यस्तै मद्रसा व्यवस्थापन समितिको गठन मद्रसाकै मौलिकतामा नियमावलीमा व्यवस्था हुने प्रावधान राख्नुपर्ने, कुनै कारणले मद्रसा बन्द हुने अवस्थामा स्थानीय मुस्लिम समुदायको सहमतिमा सो मद्रसाको सम्पत्ति नजिकको मद्रसालाई नै प्रयोग गर्न दिनुपर्ने; राष्ट्रिय पाठ्यक्रम परिषदमा मद्रसा, गुरुकुल र गोम्पाको पनि एक-एकजना प्रतिनिधि सदस्य राख्नुपर्ने, परम्मरागत शिक्षा बोर्ड गठन गर्न सकिने र उक्त बोर्डअन्तर्गत मद्रसा, गुरुकुल र गोम्पा शिक्षाको भिन्दा भिन्दै महाशाखा हुनुपर्ने लगायतका मागहरू समेटिएका छन् ।

मुस्लिम समुदायले ९ बुँदे सैद्धान्तिक माग राख्दै सोअनुसार विधेयक संशोधन नभएमा देशभरका मुस्लिम आन्दोलनमा जाने चेतावनी दिएको छ ।

शिक्षा मन्त्री अशोक राईले थप अध्ययन गरी प्रधानमन्त्री, अर्थमन्त्री लगायतसँग छलफल गर्ने र मागहरू प्राकृतिक स्वरूपका भएको हुनाले सकारात्मक रूपमा लिएको बताए । उनले सरकारले मद्रसालाई दिइँदै आएका सुविधाहरू कटौति गर्न नहुने प्रतिबद्धता जाहेर गर्दै संसदका समितिहरूमा, दुवै सदनको विधायन समितिमा र प्रतिनिधि सभामा दफावार छलफल र संशोधन हुन सक्ने भएकोले त्यहाँ पनि विषयवस्तु राख्न समेत सुझाए ।

शिक्षा मन्त्रीलाई ज्ञापनपत्र बुझाउन राष्ट्रिय सभा सदस्य मौलाना खालिद सिद्दिकीको नेतृत्वमा मुस्लिम नेता, धर्मगुरु र बुद्धिजीविहरू पुगेका थिए । डेलिगेशन प्रतिनिधि पूर्व मन्त्री जाकिर हुसैनले शिक्षामन्त्रीलाई मद्रसा शिक्षाको पृष्ठभूमि, औचित्य, प्रभाव, सेवा र रोजगार सिर्जनाबारे चर्चा गर्दै मागपत्रका बुँदाहरूको संक्षिप्त व्याख्या गरेका थिए ।

राष्ट्रिय सभा सदस्य मौलाना खालिद सिद्दिकीले शिक्षामन्त्रीलाई ज्ञापनपत्र हस्तान्तरण गर्दै भने, 'हामीले एकदम सहज र गर्न सकिने मागहरू प्रस्तुत गरेका छौं । सरकार मद्रसा शिक्षाप्रति लचक हुनुपर्छ ।'

उक्त अवसरमा पूर्व राज्यमन्त्री हकीकुल्लाह खान, प्रतिनिधि सभा सदस्य कल्पना मियाँ, नेकपा एसका नेता ताज मो. मियाँ, नेका नेता मोहम्मद निजामुद्दीन, माओवादी नेता नजिबुल्लाह अन्सारी, इस्लामी संघका अध्यक्ष नजरुल हसन, पूर्व अध्यक्ष मौलाना गुलाम रसूल फलाही, अल् हेरा एजुकेशनल सोसाइटीका अध्यक्ष मौलाना खुर्शिद इस्लाही र इस्लामी स्कालर डा. शमीम अहमद लगायतको उपस्थिति रहेको थियो ।

## बन्दुक र लागुऔषधसहित चार जना पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ९ भदौ

उदयपुरमा भरुवा बन्दुक तथा लागुऔषध ब्राउन सुगरसहित चार जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा त्रियुगा नगरपालिका ५ कुशुमटार बस्ने वर्ष ३१ का अमृत तामाङ, ठाडी बस्ने वर्ष ३२ का हरिकुमार निरौला, रतनमणी भन्ने रोहित चौधरी र वर्ष ४० का नागेश्वर चौधरी रहेका छन् ।

इलाका प्रहरी कार्यालय जल्जलेबाट खटिएको गस्ती टोलीले तामाङलाई घर नजिकै लुकाएर राखेको अवस्थामा एक नाले भरुवा बन्दुकसहित पक्राउ गरेको थियो ।

यस्तै त्रिनपा ३ मिलनचोस्थितबाट जिल्ला प्रहरी कार्यालय उदयपुर को टोलीले चेकजाँच गर्ने क्रममा निरौलालाई १ ग्राम ६८० मिलिग्राम लागुऔषध ब्राउन सुगरसहित पक्राउ गरेको थियो । यस्तै सोही ठाउँ बस्ने रोहित र नागेश्वरलाई पनि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुर का प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए । पक्राउ परेकाहरुलाई हतियार खरखजाना र लागुऔषध मुद्दामा अदालतबाट ७ को म्याद लिइ अनुसन्धान अगाडि बढाइएको छ ।

### कोशी...

नेतृत्व गर्ने योजनाका साथ एमाले अगाडि बढेको नेताहरु बताउँछन् ।

२०७९ पुस १७ गते प्रदेशसभाको पहिलो अधिवेशनको पहिलो बैठक बसेको थियो । पुस २४ गते मुख्यमन्त्रीमा नियुक्त भएका हिक्मतकुमार कार्की नेतृत्वको सरकार २०७९ असार १५ गते ढलेको थियो । काकी नेतृत्वको सरकार पनि संविधानको धारा १६८ को उपधारा (२) अनुसार नै बनेको थियो ।

त्यसपछि असार २१ गते सभामुख बाबुराम गौतमको समेत समर्थनमा उद्धव थापा पनि संविधानको धारा १६८ (२) अनुसार नै मुख्यमन्त्री नियुक्त भएका थिए । जसलाई सर्वोच्च अदालतको आदेशले साउन ११ गते पदमुक्त गरेको थियो । पुनः संविधानको सोही धारा र उपधारा अनुसार साउन १७ गते मुख्यमन्त्रीमा नियुक्त भएका थापाले विवादास्पद ढंगले विश्वासको मत लिए र सर्वोच्चले पुनः भदौ २१ गते उनलाई बर्खास्त गऱ्यो ।

पहिले बहुमत सिद्ध गर्न नसकेर सत्ताबाट बाहिरिनु परेका कार्कीले फेरि बहुमत सिद्ध गर्न नसक्ने स्पष्ट छ । प्रदेशसभा अहिलेसम्म सभामुखविहीन छ । उपसभामुख एमालेबाटै निर्वाचित सिर्जना दनुवार छिन् । एमालेले राप्रपाको सहयोगलाई कायम राख्न सकेर उपसभामुख दनुवारलाई राजीनामा गराएको खण्डमा मात्रै कार्कीले ४६ मत पुऱ्याउन सक्ने देखिन्छ । दनुवारको राजीनामा नआएको खण्डमा भने संसदमा यसअघि पाएको ४६ मत पुऱ्याउन पनि कार्कीलाई सकस देखिन्छ । ९३ सदस्यीय कोशी प्रदेशसभामा बहुमतका लागि ४७ प्रदेशसभा सदस्य चाहिन्छ । कोशी प्रदेशमा एमालेको उपसभामुखसहित ४०, कांग्रेसको २९, माओवादी केन्द्रको १३, राप्रपाको ६, नेकपा एकीकृत समाजवादीको ४ र जनता समाजवादी पार्टीको १ सांसद छन् । उसो त सत्तारुढ दलहरु पनि कोशी प्रदेशमा सके सरकार बनाउने नसके मध्यावधिमा जाने तयारीमा छन् ।

कांग्रेस नेता शेखर कोइराला कोशी प्रदेशमा अर्को सरकार नबने मध्यावधिमा जाने बताउँछन् । कोइरालाले भने, 'कोशी प्रदेशमा सरकार बन्छ भने बन्छ । बन्दैन भने मध्यावधिमा जान्छ । अहिलेको सरकारले विश्वासको मत लिन सकेन भने उपधारा ५ मा जान्छ । त्यसबेला सरकार बन्छ बन्दैन हेरौं न । कांग्रेसका अर्का नेता केदार कार्की पनि सहमति गरेर अगाडि नबढेको खण्डमा या अहिले कायम रहेको एक अर्काको गठबन्धन नभत्किएसम्म सरकारको स्थायित्व नहुने तर्क गर्छन् ।

'गठबन्धनलाई एमालेले सहयोग गरेर गए सरकार बन्ने हो । राप्रपाले हामीलाई समर्थन गरे पनि सरकार बन्ने नै हो । त्यो परिस्थिति नै नजिक देखिन्छ' उनले भने । सुरक्षाको विषयमा छलफल गर्न भन्दै माओवादी केन्द्रका उपाध्यक्ष तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ सोमबार विराटनगरमा गएका थिए । त्यस क्रममा कुरा गर्दै उनले कोशी प्रदेशको स्थायित्व हुनुपर्नेमा जोड दिए । मध्यावधिमा जान नहुनेमा उनको जोड थियो ।

### पछि...

फेसबुकमा लेखेकी थिइन्, 'राजनीतिमा थकाइ भन्ने शब्द हुँदैन, तर नेकपा एकिकृत समाजवादी पार्टीको सक्रिय राजनीतिबाट विश्राम लिने निर्णय गरियो ।' उनलाई पार्टीले त्यसबेला दैलेखको सहइन्चार्जको जिम्मेवारी दिएको थियो । बरुनाथ योगी इन्चार्ज तोकिएका थिए । उनले इन्चार्जको भूमिका खोज्दै आएकी थिइन् । नपाएपछि असुन्तष्ट बनेकी थिइन् ।

अर्का केन्द्रीय सदस्य राजु गुरुङले पार्टी परित्याग गरेको बताएका थिए । उनी लुम्बिनी प्रदेशका सचिव पनि थिए । गत निर्वाचनमा उनी रुपन्देही-२ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवार थिए । तर, कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेकाले सर्वोच्च अदालतको उनको उम्मेदवारी खारेज गरिदिएको थियो ।

### टर्की...

वर्षको साउनयता मात्रै वैदेशिक रोजगार ठगीका ६ सय ६६ वटा उजुरी दर्ता भएको विभागले बताएको छ । विभागका निर्देशक तथा सूचना अधिकारी कविराज उप्रेतीले रोमानिया, पोल्याण्ड, क्रोएसिया, माल्टाजस्ता देशमा आकर्षक रोजगारीको प्रलोभन देखाएर ठगी गर्ने प्रवृत्ति व्यापक बनेको बताएका छन् । युरोपेली देशमा नेपाली श्रमिकहरूको माग बढ्दो रहेको तर दूतावासहरूले माग प्रमाणीकरण नगर्दा व्यक्तिगतरूपमा जाने प्रवृत्तिसँगै ठगी बढेको विश्लेषण गरिएको छ ।

### कुवेतको...

हेम कुमार अधिकारीको कार्यकाल सकिन लागेपछि मन्त्रालयले काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनोट तथा नियुक्ति कार्यविधि तथा मापदण्ड २०७३ अनुसार तोकिएको योग्यता पुगेका कर्मचारीले ३० दिनभित्र आफ्नो योग्यता उल्लेख गरी निवेदन दिन भन्दै गत साउन १६ गते दर्खास्त खुलाएको थियो ।

### ईः - काठमाडौं

सहभागी थिए । वार्तामा महानगरबाट प्रवक्ता नवीन मानन्धर, मेयर बालेन शाहको सचिवालयबाट कुमार बेन लगायतका सहभागी रहेका थिए भने अभियन्ता ईःका तर्फबाट प्रतिनिधि गोविन्द नारायणलगायत सहभागी थिए । वार्तामा काठमाडौं महानगरले सडक व्यवसायीलाई स्थान तोकेर व्यापार गर्न दिन लचिलो भए पनि व्यवसायीले त्यो स्वीकार नगरेका कारण वार्ता बिथोलिएको बताइएको छ । 'वार्ता निष्कर्ष विहीन भएको छ, अर्को वार्ताको कुरा भएको छैन' प्रवक्ता मानन्धरले भनेका छन् । सहरका गरिबलाई गरिखान दिनुपर्ने लगायतका माग राखेर अभियन्ता ईः विगत ८ दिनदेखि उभिएर आन्दोलनरत छन् ।

राष्ट्रिय सभागृहमा साढे ५ घन्टा चलेको वार्तामा चार बुँदे सहमतिको खाका समेत बनिसकेको थियो । तर, मेयर बालेन शाहले सहमतिको एउटा बुँदामा संशोधन गरेपछि सहमति हुन नसकेको बताइन्छ ।

सहमतिको खाकामा वार्ताका लागि अभियन्ता ईः र सहभागीका अन्यको स्वास्थ्य लाभको काम गर्दै प्रदर्शन स्थगत गर्ने, फुटपाथ, सार्वजनिक स्थलमा व्यापार गर्ने क्रममा जफत भएका सामग्रीहरु महानगरको स्टोरमा भएसम्म यकिन गरेर सम्बन्धित धनीलाई फिर्ता गर्ने, अनौपचारिक क्षेत्रमार्फत हुने व्यापारलाई व्यवस्थित गर्न व्यापार गर्ने स्थल, समय, व्यापार गर्न आवश्यक मानिने व्यक्ति यकिन गर्न र स्थान उपलब्ध गराउन सुझाव दिने गरी एउटा अध्ययन समिति बनाउने भनिएको थियो ।

फुटपाथ, सार्वजनिक स्थलमा व्यापार गरेका व्यवसायीहरुका लागि उपयुक्त स्थलको तत्काल पहिचान गर्न महानगरले पहल गर्ने लगायतका विषय पनि समावेश थियो । तर, ठाउँ तोक्ने विषयमा सहमति नजुटेको हो ।

### महनगर...

डंगोल उभिएको ठाउँमा पुगेकी थिइन् । डंगोल गत चुनावमा एमालेबाट उपमेयर निर्वाचित भएकी थिइन् ।

उपमेयर डंगोलले भेटेको केही समयपछि ओलीले फेसबुकमा स्टाटस लेखेर यस्तो बताएका हुन । 'हो, फुटपाथ हिँड्नकै लागि हो । पैदल यात्री सहज रूपमा हिँडुन् भनेर नै फुटपाथ बनाइएको हो । यसमा कसैको दुईमत छैन होला, मेरो पनि छैन' ओलीले लेखेका छन्, 'कुरा परम्परादेखि फुटपाथमा रोजीरोटीका लागि गुजारा व्यापार गरिरहनुभएका मानिसहरूको व्यवस्थापन कसरी गर्ने भन्ने मात्रै हो । फुटपाथ (सडक) व्यापार हाम्रो परम्परागत नेवारी व्यापार संस्कृतिको अंश पनि हो । असन, इन्द्रचोक, भोटाहिटीतिर ५० औं वर्ष अघिदेखि यस्तो चलेको हामीले देखेका थियौं । पुराना किताब, इतिहास र कथाहरूमा असन, इन्द्रचोकको व्यापारका विषयमा पढ्न पनि पाइन्छ ।'

अध्यक्ष ओलीले परम्परागत रूपमा चल्दै आएको कुरालाइ एक्कासी परिवर्तन गर्न खोज्दा केही खल्बली हुनु स्वभाविक र वैज्ञानिक पनि भएको बताएका छन् ।

उनले लेखेका छन्, 'उपमेयरले भेट्नु भएको भन्ने सुनें । यो वार्ताबाट समाधान खोज्ने संकेत हुन सक्छ । दुबै युवा हुनुहुन्छ, छलफल गर्नुहोस्, समाधन निकाल्नुहोस् । हामीले महनगरबाट गरिबी लखेट्नुपर्छ, गरिब होइन । समाधानको उपाय के हुन सक्छ, तपाईंहरूको विचार पनि राख्नुस् ।'


## UAE मा रोजगार

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. (Dubai Branch) शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०६/०९ चलानी नं.: ६०२०८२७२ LT. No.: 293161

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Painter Assistant | 10 | 0 | | 900 | ३२,५२६ | | | | | | | |
| 3. | Building Painters | 10 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 4. | Concrete Mason | 20 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 5. | Painter | 15 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 6. | Painter Assistant | 15 | 0 | | 900 | ३२,५२६ | | | | | | | |
| 7. | Tile Layer | 10 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PREMIUM HR
श्रम इजाजत नं. १६१३/०८०/०८१
Premium Human Resource Pvt.Ltd.
Samakhusi -03, Kathmandu, Nepal.
Tel No: 01–5917815, 5917814, Email: hr@premiumhr.com.np
Web: www.premiumhr.com.np | 9820150738 | 9820150736



## Cuprus मा बैदेशिक रोजगारको अवसर

पून:विज्ञापन

१. कम्पनी.- Medeon International Placement Agency Ltd, Larnaca, Cyprus
पूर्व स्वीकृती मिति २०८०।०२।०४ चलानी नं. ६०२०१६१९ LT.No. 286310

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 02 | - | काममा दक्ष | 600 | ८४,७५०।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Barman/Barmaid | 01 | - | | 700 | ९८,८७५।- | | | | | | | |
| 3 | Cook | 03 | - | | 700 | ९८,८७५।- | | | | | | | |
| 4 | Waiter | 03 | 03 | | 600 | ८४,७५०।- | | | | | | | |

२. कम्पनी.- C & C Private Employment Agency, Paphos, Cyprus
पूर्व स्वीकृती मिति २०८०।०२।०२ चलानी नं. ६०२०१५०६ LT.No. 285858

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 05 | - | काममा दक्ष | 900 | १२७,१२५।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 05 | - | | 800 | ११३,०००।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कस्ले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता २०८० असोज १७ गते (4 Oct., 2023) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ ।

Kosh Overseas Pvt. Ltd.
इजाजत नं. १५०६।०७४।७५
Koteshwor-32, Kathmandu. Ph no. 01-5199734, 5199714



## Mellekh Rural Municipality
## Office of the Rural Municipal Executive
Bindhewasini, Achham

### Invitation for Catalogue Shopping of Backhoe Loader

**(First day of publication 2080/06/10)**

Mellekh Rural Municipality, Achham intends to procure Backhoe Loader listed on the table below, under the Catalogue shopping procedure as described on the Public Procurement Act, 2063. All the eligible manufacturers or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within 7 (Seven) days (2080/06/16) of first publication date during office hour. The manufacturers or authorized dealer must submit copy of Firm registration certificate, Copy of Business Registration Certificate, Copy of VAT and PAN Registration Certificate, Copy of Tax Clearance Certificate / Tax Return Certificate for the F/Y 2079/080, Self declaration letter and the letter of manufacturer's authorization along with the application.

| S.No. | General Specifications | Quantity | Remarks |
|---|---|---|---|
| 1 | Supply and Delivery of 90 HP Backhoe Loader as per approved Technical Specification | 1 unit | As per approved technical specification |

For any Query and for Detailed Specification please visit www.mellekhmun.gov.np.

**Chief administrative Officer**



## जापानमा बैदेशिक रोजगारको अवसर

१. कम्पनी: KABUSIKIKAISHA Daiki, Aichiken, Japan
पूर्व स्वीकृति मिति :-२०८०।०६।०९ चलानी नं.:-६०२०८२६२ Lt.No. 293061

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding (operation: Scaffolding bulding work) | 03 | काममा दक्ष | 197201 | १७६,१००।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छैन | छ | ३ वर्ष |

२. कम्पनी: HAMAZAKIKOGYO KABUSHIKIGAISHA, Aichiken, Japan
पूर्व स्वीकृति मिति :-२०८०।०६।०९ चलानी नं.:-६०२०८२६६ Lt.No. 293058

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumbing | 06 | काममा दक्ष | 206943 | १८४,८००।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छैन | छ | ३ वर्ष |

३. कम्पनी: KABUSHIKIGAISHA ICHIOKAKOGY, Gifu Ken, Japan
पूर्व स्वीकृति मिति :-२०८०।०६।०९ चलानी नं.:-६०२०८२६१ Lt.No. 293059

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 06 | काममा दक्ष | 200000 | १७८,६००।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छैन | छ | ३ वर्ष |

४. कम्पनी: MIKADOKENSETSUKOGYO KABUSHIKIGAISHA, Shizukaken, Japan
पूर्व स्वीकृति मिति :-२०८०।०६।०९ चलानी नं.:-६०२०८२६० Lt.No. 293062

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Frame Working (Farming Construction work) | 03 | काममा दक्ष | 187030 | १६७,०१७।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छैन | छ | ३ वर्ष |

५. कम्पनी: KABUSHIKIKAISHA MIZUTANISHOTEN, Shizukaken, Japan
पूर्व स्वीकृति मिति :-२०८०।०६।०९ चलानी नं.:-६०२०८२६३ Lt.No. 293060

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Application of Construction Equipment Loading Work | 02 | काममा दक्ष | 190407 | १७०,०३३।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छैन | छ | ३ वर्ष |

६. कम्पनी: KABUSHIKIKAISHA NAKAMURADOBOKUKENSETSU, Aichiken, Japan
पूर्व स्वीकृति मिति :-२०८०।०६।०९ चलानी नं.:-६०२०८२६४ Lt.No. 289628

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Application of Construction Equipment (Excavating | 04 | काममा दक्ष | 199871 | १७८,४८४।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छैन | छ | ३ वर्ष |

७. कम्पनी: NANWAKENSETSU KABUSHIKIKAISHA, Aichi Perfecture, Japan
पूर्व स्वीकृति मिति :-२०८०।०६।०९ चलानी नं.:-६०२०८२६७ Lt.No. 288923

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Application of Construction Equipment (Excavating | 02 | काममा दक्ष | 195557 | १७४,६३२।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छैन | छ | ३ वर्ष |

८. कम्पनी: KABUSHIKIGAISYA JIOTEKUNIKA, Shizuokaken, Japan
पूर्व स्वीकृति मिति :-२०८०।०६।०९ चलानी नं.:-६०२०८२६५ Lt.No. 289630

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Frame Working (Farming Construction work) | 02 | काममा दक्ष | 197407 | १७६,२८४।- | ५ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ५०,०००।- |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको अविवाहित हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।
१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च : सि.नं. ४ को निशुल्क र बाकी सबैको रु ५०,०००।- मात्र ।
३) प्रशिक्षार्थी छनौट गर्ने तरिका: अन्तरवार्ता, अन्तरवार्ता हुने स्थान: प्रा.लि.को कार्यालय लाजिम्पाट, काठमाण्डौ

अन्तरवार्ता मितिः २०८०/०६/१७ गते (4 Octo., 2023) मा हुँदैछ ।

नोट: वैदेशिक रोजगारी ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित आदिवासी, जनजाति उत्पिडित वर्ग, पिछडिएका क्षेत्र तथा वर्ग एवंम दर्गम क्षेत्र तथा दैविप्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

■ नेपाल सरकार श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

नोट: जापानिज भाषा स्पष्टसंग बोल्न, पढन र लेख्न सक्ने हुनुपर्नेछ ।

ROYAL OVERSEAS NEPAL
श्रम इजाजत नं. १६६/०५६/०५७
रोयल ओभरसिज नेपाल प्रा. लि.
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४४२११५६/४४३२२४४.

# आन्दोलनमा सहभागी हुन पाउनुपर्ने माग राख्दै शिक्षा संयोजकलाई ज्ञापनपत्र



**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, ९ असोज

रौतहटको बौधिमाई नगरपालिकाका पेन्सन पीडित तथा राहत शिक्षकहरूले काठमाडौं केन्द्रित भइरहेका आन्दोलनमा सहभागी हुन सहज वातावरण मिलाइदिन आग्रह गर्दै शिक्षा संयोजकलाई ज्ञापनपत्र बुझाएका छन् ।

सरकार र शिक्षक महासंघबीच भएको वार्तापछि असहमति जनाउँदै आन्दोलनरत सामुदायिक विद्यालयमा कार्यरत राहत शिक्षकहरुको अन्दोलनमा सहभागि बौधिमाई नगरपालिकाका शिक्षकहरुले सहज वातावरण मिलाइदिन आग्रह गरेका हुन् । सरकारले २०७६ सालयता नियुक्ति पाएका शिक्षकहरुले आन्दोलनमा सहभागी हुन सहज वातावरण मिलाइदिन आग्रह गर्दै शिक्षा संयोजक रमेश यादवलाई ज्ञापनपत्र बुझाएका छन् ।

शिक्षकहरूले भर्खरै संसदमा दर्ता भएका विवादास्पद शिक्षा विधेयक २०८० ले मुलुकको समग्र सार्वजनिक शिक्षा प्रणालीलाई ध्वस्त पार्ने तथा स्थायी शिक्षक, राहत शिक्षक, करार शिक्षक, उ.मा.वि.शिक्षक, बालविकास, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगीहरुको हकहितकोविरुद्ध तथा पेसागत भविष्य अन्धकार हुने गरी ल्याइएको शिक्षा ऐनविरुद्ध भइरहेको आन्दोलनमा सहभागी हुन सहज वातावरण मिलाइदिन शिक्षा संयोजक यादवलाई ज्ञापनपत्र बुझाएका हुन् । नेपाल शिक्षक महासंघ र सरकारबीच सहमतिपछि केही शिक्षकहरू घर फर्किएपनि राहत शिक्षक र पेन्सन पीडित शिक्षकहरुले अहिले पनि आन्दोलनरत छन् ।

पेन्सन बञ्चित शिक्षक जिल्ला संघर्ष समितिको आह्वानमा असोज १२ गते काठमाडौं केन्द्रित भइरहेको आन्दोलनमा सहभागी हुन नगरपालिका अन्तर्गतका पेन्सनबाट बञ्चित शिक्षक तथा राहत शिक्षकहरुको नेतृत्व गर्दै प्रमोद यादव,नागेन्द्र साह,दिनेश कुमार यादव, शिवनाथ दास तात्माले संयोजक यादवलाई ज्ञापनपत्र बुझाए।

बौधिमाई नगरपालिकाले शिक्षकहरूलाई विद्यालय बन्द गरी आन्दोलनमा सहभागी भए कानून बमोजिम कारबाही गर्ने विज्ञप्तिमार्फत जानकारी गराएका थिए ।तर शिक्षकहरुले आफ्नो हकहितका लागि सो निर्देशनलाई अवज्ञा गर्दै आन्दोलनमा सहभागी भएका छन् । सरकार र शिक्षक महासंघका सम्झौतापछि देशका सम्पूर्ण सामुदायिक विद्यालय सञ्चालनमा आएपनि पेन्सन पीडित र राहत शिक्षकहरुले अहिले पनि सडकमा छन् ।

# Shivasatakshi Municipality
## Office Of The Municipal Executive
### Koshi Province, Jhapa

## Invitation for online Bids

**Date of Publication : 2080/06/10 (27-Sep-2023)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & PS | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 06/SM/NCB/Road/2080/081 | Construction of Blacktop Ring Road Phase VI | Nrs 3000.00 | Nrs 1,69,26,047.81 | 90 Days After Bid opening | Nrs 4,23,500.00 | 30 Days beyond the Validity of Bid | 31-Oct-2023 12: 00 Hours | 31-Oct-2023 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

**Name of the Bank:** Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch

**Name of Office:** Shivasatakshi Municipality

**Office Account no.:** 29601400000017

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. 29601400000048 on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

***Chief Administrative Officer***

# काठमाडौं डेंगु संक्रमणको रेड जोनमा

**काठमाडौं/मस–** पछिल्लो समय काठमाडौंमा डेंगु संक्रमण बढ्दै गएको पाइएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको पछिल्लो तथ्याङ्क अनुसार हाल डेंगु संक्रमितको संख्या ५ सय ८० पुगेको छ । योसँगै काठमाडौं डेंगु संक्रमणको 'रेड जोन'मा परेको छ । ५ सयभन्दा धेरै संक्रमित भेटिएमा त्यो जिल्ला संक्रमणको 'रेड जोन' मा रहेको मान्ने गरिन्छ। ललितपुर र भक्रपुरमा क्रमश २०५ र २०४ जना डेंगु संक्रमित रहेका छन् । देशभर डेंगु संक्रमितको संख्या २९ हजार ४६८ जना पुगेको छ। यस्तै यो वर्ष १५ जना संक्रमितको डेंगुकै कारण मृत्यु भइसकेको छ।

## कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना

भविष्य निर्माण एजुकेशन सेन्टर तनहुँ प्रा.लि.(प्रा.लि.नं. २२९४४८) को मिति २०८० भदौ २८ गते सम्पन्न विशेष साधारण सभाले विशेष प्रस्ताव पारित गरि कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोहि ऐनको दफा १३१ बमोजिम कार्य गर्न लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त मिति पछि प्राप्त दावी विरोध उपर कुनै कारवाही नहुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**दुर्ग प्रसाद खनाल (लिक्विडेटर)** प्रमाण पत्र नं.: ५१७
सम्पर्क नं. ९८५११२५६००, काठमाडौं, नेपाल ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७७/१०/१५ मा दर्ता भएको **प्रा.लि. नं. २५४१८७** को **फरिद इन्टरनेशनल प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

# CHAUTARA SANGCHOKGADHI MUNICIPALITY
## Office Of The Municipal Executive
### Chautara, Sindhupalchok

## Invitation for Electronic Bid for The Fallowing Description

**Contract ID: CSGM/NCB/GOODS-02/2080/081, CSGM/NCB/WORKS-03/2080/081 And CSGM/NCB/WORKS-04/2080/081**

**First Date of publication: 2080/06/10 (27th Sep 2023)**

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures. Interested Eligible Bidders may obtain further office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np.or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract Identification No. | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/GOODS-02/2080/081 | The Procurement of Medicine for Chautara Sangachokgadhi Municipality Office, CSGM- 5 | - | 1,24,000.00 | Rs.3,000 | 2080/07/13 (30th Oct 2023) at 12:00 hrs | 2080/07/13 (30th Oct 2023) at 13:00 hrs |
| CSGM/NCB/WORKS-03/2080/081 | Upgrading work of Chautara Bhuwagaun batase road sector. CSGM-3 & 5 | 42,10,396.38 | 1,20,000.00 | Rs.3,000 | 2080/07/13 (30th Oct 2023) at 12:00 hrs | 2080/07/13 (30th Oct 2023) at 13:00 hrs |
| CSGM/NCB/WORKS-04/2080/081 | Upgrading and RCC Pavment work of Tarkari Sankalan Kendra Saune Khola road sector. CSGM-14 | 29,47,030.24 | 84,000.00 | Rs.3,000 | 2080/07/13 (30th Oct 2023) at 12:00 hrs | 2080/07/13 (30th Oct 2023) at 13:00 hrs |

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**


## जापानमा रोजगार
**THE AIOI CHAMBER OF COMMERCE & INDUSTRY**
पूर्व स्विकृति मिति: २०८०।०६।०९ चलानी नं. ६०२०८२२९ LT No. 293001

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welding | 6 | 0 | सम्बन्धित कामका दक्ष | 161280 | क.नी. अनु-सार | ८ घण्टा | ५ दिन | क.नी. अनु-सार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर: १८ वर्ष देखि ३२ वर्ष ननाघेको हुनुपर्नेछ (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको सहकारी वा सामुदायीक संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने । **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्वन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र ।(ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफे कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजातको प्रतिलिपी


**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति :** स्थान यस प्रा लिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र **२) प्रशिक्षार्थीले तिर्नुपर्ने** (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च : जम्मा रु ५०,०००।- मात्र **३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान: अन्तरवार्ता: मेनपावर कार्यालयमा २०८०/०६/१७ गते हुनेछ ।**

**नोट: वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासि, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोक वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।**

**वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। ३. यस विज्ञापन सूचनामा उल्लेख भए भन्दा वढी रकम कसैलाई नदिनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुहोस्। ५. अनिवार्य रुपमा विमा गराउनुहोस्। ६. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सो को १ प्रति आफुसँग राख्नुहोस्। ७. श्रम स्वीकृतीविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारीमा जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा. लि. मा गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोस्। ९. काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०. काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११. करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।**

**श्रम इजाजत नं.: ३०५/०५९/६०** **उम्मेदवार कडा शारिरिक परिश्रम गर्न सक्ने र जापानिज भाषा जानेको हुनुपर्नेछ।**

**हिमालयन जब एक्स्प्लोरर प्रा. लि.**
पाटन ढोका, ललितपुर, फोन नं: 01-5520080, 5520081 email: info@himalayanjob.com.np



मध्यान्ह
www.madhyanhadaily.com

१० असोज २०८०, बुधबार
27 September 2023, Wednesday

## सम्पादकीय

# सत्याग्रहको शक्ति

विकसित राजनीतिक–सामाजिक घटनाक्रमलाई लिएर अहिले अनेक समूहले फरक–फरक प्रकृतिको आन्दोलन गरिरहेका छन् । काठमाडौं महानगरले ठेलागाडामा ब्यापार गरिखाने वर्गलाई निषेध गरेको भन्दै सामाजिक अभियान्ता ईः ले एक सातादेखि राष्ट्रियसभा गृह अगाडि अविश्राम उभिएर सत्याग्रह गरिरहेका छन् । ईःले महानगरले निर्णय नसच्याएसम्म निरन्तर उभिने सत्याग्रहबाट पछाडि नहट्ने अडान लिएका छन् । आठ दिनपछि बल्ल वार्ता भएपनि सहमति जुट्न सकेन । नजिकै माइतीघर मण्डलमा राहत शिक्षकहरूले सडकमा सुतेर विरोध प्रदर्शन गरिरहेका छन् । नेपाल शिक्षक महासंघले सरकारसँग सहमति गर्दा आफ्नो माग नसमेटेको सडकमा सुतेर सांकेतिक विरोध जनाइरहेका छन् । तर यी दुई शान्त विद्रोहबारे सरकारले आवश्यक पहलकदमी लिएको देखिदैन । निरन्तर उभिदा ईःको स्वास्थ्य अवस्था कमजोर भइसकेको छ भने शिक्षकहरूको भद्र आन्दोलनको असर विद्यार्थीलाई परिरहेको छ ।

यसअघि पनि नेपालमा यस्ता भद्र आन्दोलन चल्ने गरेको छ । चिकित्सा स्वास्थ्य क्षेत्रको सुधारमा डा.गोविन्द केसीले पटकपटक अनशन बस्दै आएका छन् । अनशनबाट स्वास्थ्य अवस्था जटिल बनिसक्दा मात्रै सरकारले वार्ता गर्ने, तर त्यसबेला जुटेको सहमति कार्यान्वयन नगर्ने प्रवृत्ति बारम्बार दोहोरिने गरेको छ । आफ्नो छोराको न्याय माग्ने क्रममा अनशन बस्दाबस्दै गोरखाका नन्दप्रसाद अधिकारीको केही वर्ष अगाडि मृत्यु भएको थियो । सत्याग्रहलाई बेवास्ता गर्ने प्रवृत्ति निकै पुरानो हो । जबकी छिमेकी भारतमा महान्धा गान्धीको सत्याग्रहको शक्तिबारे अहिले दुनियाँभर विमर्श हुने गरेको छ । तर भद्र आन्दोलनलाई बेवास्ता गर्ने सरकारले आवेगलाई भने आवश्यक ठाउँ दिने गरेको देखिन्छ । त्यस्ता आवेगपूर्ण आन्दोलन मात्रै सफल हुने बुझाइ सामान्यकरण समेत भइरहेको छ ।

केही दिन अगाडि मात्रै शिक्षकहरूले सडक कब्जा गर्दा सरकारले तत्काल वार्ताको पहलकदमी लिएको थियो । तर धैर्यतापूर्वक र भद्र तरिकाले उठाएको आवाजलाई बेवास्ता गर्दा अहिले हिंसात्मक आक्रमणको विकल्प पहिलो रोजाइ जस्तो देखिने गरेको पाइन्छ । उदाहरणका निम्ति पोखरा अस्पतालमा बिरामीको मृत्यु भएपछि चिकित्सकमाथि आक्रमण र उक्त आक्रमणले चिकित्सकहरूको आन्दोलन चर्किएको छ । यदि भद्र आवाजको सुनुवाइ हुने गरेका थिए भने संभवतः चिकित्सकमाथि एकमाथि अर्को आक्रमणका घटना नहुन सक्थ्यो । तर आवेगपूर्ण गतिविधिलाई मात्रै प्राथमिकतामा राख्दा अहिलेको राजनीतिक परिस्थिति नै अलग मार्गतिर मोडिएको छ । जसले साम्प्रदायिक भड्कावदेखि अराजक गतिविधिले प्रश्रय पाइरहेको छ । तसर्थ नेतृत्वले जिम्मेवार र जवाफदेही कदम चाल्न आवश्यक छ, त्यो भनेको सत्याग्रहमा पनि सशक्त शक्ति हुन्छ भन्ने बुझ्न ढिलाइ गर्न हुन्न ।

सन्दर्भ : सुरक्षित गर्भपतन सेवा दिवस

# गर्भपतनसम्बन्धीको धारणा र सुरक्षित गर्भपतन

अग्रलेख



● डा. उद्धव पुरी

नेपालमा गर्भपतनले कानूनी मान्यता पाएको करिब २१ वर्ष भएको छ । त्यसअधि गर्भपतन गर्नु गराउनु अपराध मानिन्थ्यो र मुलुकी ऐनअनुसार गर्भपतन गर्ने र गराउने दुबैलाई कानूनी कारबाही भएर जेल सजाय भोग्नु पदथ्यो । विशेषगरी महिलाले गर्भधारण गर्ने भएकाले गर्भपतन अपराधमा धेरैजसो महिलाहरु नै जेलमा पर्दथे । सन् २००२ अगाडि स्वास्थ्य तथा वातावरणसम्बन्धी अध्ययन र अनुसन्धान गर्दै आएको ‘कृपा नेपाल’का जेलहरुमा रहेका महिलाहरुका सम्बन्धमा अनुसन्धान गर्दा जेलमा परेका करिब बीस प्रतिशत महिलाहरु गर्भपतनको कसुरमा जेल परेको देखायो । त्यसैगरी अनिच्छित गर्भ फाल्नलाई लुकिछिपी असुरक्षित गर्भपतन गर्दा धेरै महिलाहरुको मृत्यु भएको, बचेकाहरुमा पनि पाठेघरको समस्या देखिएको र कतिलाई विभिन्न प्रकारका अन्य शारीरिक जटिलताहरु देखिएको अध्ययनले पुष्टि गरेको थियो । अन्य तथ्यांकहरुका आधारमा हेर्दा, नेपालमा मातृमृत्युदर पनि यसैका कारण उच्च रहेको देखियो । महिला प्रजनन् स्वास्थ्य र महिला हक अधिकारका विषयमा हुने नियमित प्रक्रियामा देखिएका यस्ता विविध समस्याहरुको निराकरण गर्भपतनलाई कानूनी मान्यता दिँदा कम हुने राज्यको बुझाई समेत भएपछि सन् २००२ मा यसलाई कानूनी मान्यता दिइयो । सन् २००४ देखि नेपालमा सरकारी तवरबाटै सुरक्षित गर्भपतन सेवा दिन थालियो । हाल यो सेवा सरकारी तवरमा नेपालभर निःशुल्क उपलब्ध छ भने निजी क्षेत्रमा पनि न्यूनतम शुल्कमा यो सेवा उपलब्ध हुँदै आएको छ ।

पछिल्ला जनगणना र स्वास्थ्यसम्बन्धी विभिन्न अध्ययनहरुका आधारमा नेपालमा मातृमृत्युदरमा कमी आएको छ भने महिलाहरुको प्रजनन स्वास्थ्यमा सुधार पनि देखाएको छ । त्यसैगरी गर्भपतनकै कारण महिलाहरु जेलमा पर्ने क्रम रोकिएको छ र असुरक्षित गर्भपतनका कारण महिलाहरुको मृत्युदर पनि घटेको छ । गर्भपतनसम्बन्धीको कानून र गर्भपतनको कानून एवम् विधिलगायतका सामान्य कुराहरुमा पनि चासो सबैतिर पुग्न नसकेका कारण केही घटनाहरु अझै हुने गरेको देखिन्छ भने मानिसहरुमा सुरक्षित गर्भपतनका सम्बन्धमा अझै सकारात्मक धारणा पूर्णरूपमा बन्न सकेको देखिँदैन । यस्तै, विभिन्न गलत धारणा वा सोचमा परिवर्तन ल्याउन र असुरक्षित गर्भपतनका कारण अकालमा महिलाको मृत्यु रोक्न तथा महिलाको प्रजनन स्वास्थ्यमा महिलाको हक अधिकार स्थापित गराउन हरेका वर्ष सेप्टेम्बर २८ तारिखका दिन विश्वभर सुरक्षित गर्भपतन सेवा दिवस मनाउने गरिन्छ । नेपालमा पनि उक्त अवसरमा सरकारी र गैरसरकारी तवरमा विभिन्न कार्यक्रहरुको आयोजना गरी यो दिवस मनाइन्छ । जुन अहिले चलिरहेको छ ।

सन् २००२ मा गर्भपतनलाई कानूनी मान्यता दिएपछि हालसम्म मुलुकी ऐनलगायत यससँग सम्बन्धित विभिन्न कानूनहरु परिवर्तन भैसकेका छन् भने नेपालको हालको संविधानलगायत महिला र प्रजनन् अधिकारसम्बन्धीका सबै ऐन, नियमलगायत अधिकार स्थापित गर्ने विषयमा सहजीकरणका कामहरु पनि भएका छन् । सन् २०१८ को नेपालमा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको अधिकारसम्बन्धी ऐनमा गर्भपतन गर्न पाउने अधिकारलाई पनि स्पष्टरूपमा उल्लेख गरिएको छ । गर्भपतनलाई महिलामात्रको अधिकारका रूपमा यसको व्याख्या र विश्लेषण भएको छ । जसअनुसार गर्भवती महिलाले आफ्नो मञ्जुरीमा १२ हप्तासम्मको गर्भलाई सुरक्षित गर्भपतन गराउन पाउँछिन् । जसमा कसैको दाबी विरोध वा अवरोध मान्य हुने छैन । त्यसैगरी, गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्यमा खराब हुनसक्छ वा बिकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भएमा र ती महिलाले मञ्जुर गरेमा २८ हप्तासम्मको गर्भ सुरक्षित गर्भपतन गर्न पाइन्छ । त्यसैगरी, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीमा २८ हप्तासम्मको गर्भ पनि सुरक्षित गर्भपतन गर्न सकिन्छ । एच.आई.भी. वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मञ्जुरीले २८ हप्तासम्मकै गर्भ सुरक्षित गर्भपतन गर्न सकिन्छ भने भ्रूणको कमी कमजोरी भएको कारणले गर्भमै नष्ट हुनसक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको वा वंशाणुगत खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय भएमा पनि गर्भवती महिलाको मञ्जुरीमा २८ हप्तासम्मको गर्भ पनि सुरक्षित गर्भपतन गर्न गराउन कानूनले बन्देज लगाएको छैन । तर, यी र यस्ता कानूनी कुरा एवम् नीति, विधि र निर्देशिकाहरुका सम्बन्धमा सरोकारवाला र परिवार एवम् नेपाली समाजमा अझै व्यापक हुन सकेको छैन । जसका बारेमा सरकारी निकायभन्दा बढी गैरसरकारी संघ संस्थाहरुको भूमिका धेरै र प्रभावकारी देखिएको छ । जसलाई सरकारको सम्बन्धित निकायले सहयोग र सहजीकरण गर्नुपर्ने देखिन्छ । कतिपय सम्बन्धित सरकारी क्षेत्रमा रहेका उच्च पदस्थ कर्मचारीहरु विषयसँग जानकार नहुँदा र गर्भपतनसम्बन्धीको पुरानो मानसिकतामा रहँदा भइरहेका नियमित कार्य वा गतिविधिहरुमा अवरोध आएको तथ्य पनि देखिन्छन् ।



*नेपालमा गर्भपतनले कानूनी मान्यता पाएको र गर्भपतन सेवा शुरु भएको २० वर्षभन्दा बढी समय भइसक्दा पनि अझै कतिपय स्थानमा अवैध विधिद्वारा असुरक्षित गर्भपतन भएको, त्यसैका कारण महिलाको मृत्यु भएको र त्यसपछिको जटिलतामा महिला अस्पताल पुगेको घटनाहरु बेला-बेलामा सार्वजनिक हुने गरेका छन् । गर्भपतनसम्बन्धीका यस्ता घटनाक्रमहरु भइरहँदा अझैपनि घरपरिवार, समाज, सञ्चारमाध्यमको बुझाइ, सोचाइ र लेखाइ पूर्णत सकारात्मक र पीडकलाई सहजीकरण हुने खालको हुन नसक्नु अर्को बिडम्बना हो ।*

सरकारले हालसम्म सुरक्षित गर्भपतन सेवाका लागि मापदण्ड, नीति, नियम र निर्देशिका पनि बनाएको छ र त्यसैका आधारमा नेपालभर ७७ जिल्लामा नै गर्भपतन सेवा प्रचलनमा पनि ल्याएको छ । जसअनुसार नेपालमा गर्भपतन औषधि र मेडिकल उपकरण विधिबाट सरकारले तोकेको मापडण्ड पूरा गरेको स्थान र सरकारले प्रदान गरेका गर्भपतनसम्बन्धीको तालिम लिएका डाक्टर र स्टाफ नर्सले मात्र यो सेवा प्रदान गर्न सक्दछन् । यसरी विधिअनुसार गरिएको गर्भपतनमात्र सुरक्षित हुन्छ र महिला प्रजनन स्वास्थ्य र महिलाका स्वास्थ्यमा जटिलता वा समस्याहरु आउँदैनन् । गर्भपतन सेवा सरकारले सबै सरकारी अस्पतालमा, धेरैजसो प्राथमिक स्वास्थ्य उपचार केन्द्रहरुमा, स्वास्थ्य चौकीहरुमा र सरकारद्वारा मान्यता प्राप्त गैरसरकारी संस्था तथा निजी क्लिनिकहरुमा समेत सेवा उपलब्ध गराइएको छ ।

नेपालमा गर्भपतनले कानूनी मान्यता पाएको र गर्भपतन सेवा सुरु भएको २० वर्षभन्दा बढी समय भइसक्दा पनि अझै कतिपय स्थानमा अवैध विधिद्वारा असुरक्षित गर्भपतन भएको, त्यसैका कारण महिलाको मृत्यु भएको र त्यसपछिको जटिलतामा महिला अस्पताल पुगेको घटनाहरु बेला-बेलामा प्रकाशन वा जानकारीमा आउने गरेको देखिन्छ । गर्भपतनसम्बन्धीका यस्ता घटनाक्रमहरु भइरहँदा अझैपनि घरपरिवार, समाज, सञ्चारमाध्यमको बुझाई, सोचाई र लेखाई पूर्णत सकारात्मक र पीडकलाई सहजीकरण हुने खालको हुन सकिरहेको छैन । त्यसैगरी गर्भपतन गराउने महिलाका सम्बन्धमा पनि कतिपय नकारात्मक टिका टिप्पणी र समाचार आउँदा महिलाहरु यसमा र आफ्नो अधिकारका सम्बन्धमा एक आपसमै पनि खुलेर कुरा गर्न सकिरहेका छैनन् । उनीहरु अधिक गोप्यताका खोजीमा गलत व्यक्ति, गलत विधि वा गलत औषधि र गलत स्थानमा गर्भपतन गराउन पुग्दछन् अनि थप जटिलता निम्त्याउँदछन् ।

कतिपय अवस्थामा स्वास्थ्य पत्रकारिता नजानेका, नबुझेका र सञ्चारमाध्यमको आचारसंहिता अनि गर्भपतनसम्बन्धी भ्रम र यथार्थ, ऐन, निर्देशिका वा विधि अध्ययन नगरेकाहरुले सस्तो लोकप्रीयताका लागि लाञ्छनायुक्त समाचार सम्प्रेषण गरिदिन्छन् । जसले मानव अधिकार, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार, सामाजिक दायित्व र सम्मान, पीडित प्रभावितप्रतिको जिम्मेवारी, गम्भीर प्रकृतिका स्वास्थ्य सवालका विषयमा भेदभाव र लाञ्छनायुक्त सवालहरु उठाइदिन्छन् । यस्ता गैरअध्ययन र अनुभवहिनताले सुरक्षित गर्भपतनका सम्बन्धमा व्यक्ति, परिवार, समाजलगायत जिम्मेवार पक्षमा डर, त्रास, हिनताबोध र अपमानित हुने सोच उत्पन्न गराइदिएको छ । त्यसैगरी, नेपालको सुधारउन्मुख स्वास्थ्य सेवा संघीयतापछि स्थानीय तह, प्रदेश र संघीय सरकारबीचको तालमेल सहज र नियमित नहुँदाको असहज स्थितिलाई चिर्दै छ । जसका लागि सम्बन्धित सरकारी र गैरसरकारी संघ सस्थाहरु लागि परिरहेका छन् । यस स्थितिमा गर्भपतन सेवाको सहजीकरण र सुलबताका लागि धेरै कामहरु भइरहेका छन् । तर, यस्तो प्रयास र अधिकार स्थापितका लागि चासो, जानकारी र खोजी पत्रकारिता भने सबै क्षेत्रहरुमा कम देखिएको छ ।

वास्तवमा गर्भपतन महिलाका लागि अनिच्छित गर्भ रहेपछिको र कतिपय समयमा परिवार नियोजनका साधनको असफताको अवस्था हो । त्यो जुनसुकै उमेरका महिला तथा अवस्थामा महिलाका लागि विभिन्न कारणबाट आइलाग्न सक्दछ । यस्तो बाध्यात्मक स्थिति गर्भपतनले कानूनी मान्यता प्राप्त गर्नु अनिवार्य थियो र असुरक्षित गर्भपतनले महिलाले मृत्यु स्वीकार्नु, बाँचेमा विभिन्न स्वास्थ्य जटिलता झेल्नुपर्ने र अनेकौं लाञ्छना खेप्नुपर्ने पनि थियो । यिनै जटिलता र असहज अवस्थाको अन्त्य नै गर्भपतनको कानूनी मान्यताले गर्ने विषय विश्व स्वास्थ्य परिवेशमा बुझिएको छ र नेपालले पनि स्वीकारेको हो । गर्भपतनको वैधानिकतापछि विवाहित महिलामा गर्भपतन बढ्ने, अविवाहितले गर्भपतन गर्ने, यसलाई परिवार नियोजनको साधनको विकल्पको रूपमा ठान्ने, गर्भपतनलाई धर्मसँग जोड्ने जस्ता कुराहरु गलत सोचाई तथा गलत धारणाहरु हुन् । केहीले भ्रुणको लिङ्ग परीक्षण र गर्भपतन अधिकारलाई पनि जोडेका छन् । कानून सम्मत कुरा के हो भने गर्भमा रहेको भ्रुणको लिंङ्ग परीक्षण र त्यसपछिको गर्भपतन नै कुनैपनि हालतमा गर्न र गराउन पाईंदैन । नेपालमा भएको कानूनले महिलाको गर्भमा रहेको भ्रुणको लिङ्ग परीक्षण गर्ने गराउने र त्यसपछि गर्भपतन गर्ने गरिदिनेलाई कारबाही हुन्छ । बेला-बेलामा यस्तो गैरकानूनी काम गर्नेहरुमाथि कारबाही भएको पनि छ । यसलाई पनि कतिले भर्गपतनको कानूनी मान्यताले बढाएको जस्तो तर्क राखेका छन् । यो समाजमा हुने अन्य कुप्रथाका कारण यसअघि पनि अवैधरूपमा हुँदै आएको थियो ।

ढिलोगरी गरिएको गर्भपतनले महिलामा विभिन्न शारीरिक जटिलता र मृत्युसमेत गराएको छ र कानूनले निर्धारण नगरेको वा अवैध मानेको अवधि पनि हो । यो गर्भपतनको कानूनी मान्यता र सुरक्षित गर्भपतनभन्दा भिन्न समस्या हो । जसको कमी वा अन्त्यका लागि सरकार र समाज जागरुक हुन आवश्वक छ । सञ्चार माध्यमहरुले पनि विषयको गाम्भीर्यतालाई केलाउनु पर्दछ । यसका बारेमा महिला स्वयम्, परिवार, समाज र सम्बन्धित पक्षहरु बीच खुलेर बहस हुनुपर्छ । जसले सचेतना र सहजीकरणको काम पनि गर्छ । कानूनी गर्भपतन वैध विषय भएकोले सञ्चारमाध्यमहरुले पनि त्यसमा सकारात्मक सोच सम्प्रेषण गर्नुपर्छ । यसले गर्भपतनको बाध्यात्मक स्थितिलाई कम गराउँछ । असुरक्षित गर्भपतनको अन्त्य गराउँछ र महिलाको मातृत्व तथा प्रजनन् स्वास्थ्यको अधिकारलाई बढाउँदछ ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाइँ**

ललितानिवास किर्ते प्रकरणका मुख्य अभियुक्त माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई किन मुद्दा नचलाएको भन्दै सर्वोच्चले सरकारलाई प्रश्न सोधेको छ र लिखित जवाफ मागेको छ । ‘बल्ल पर्‍यौ माकुरी जालैमा’ भने जस्तै अब उम्किने बाटो छैन, अब भाग्ने ठाउँ छैन । प्रथम दृष्टिमै दोषी छन् बाबुराम र माधव ।



**- मानवी पौडेल**

मुख खोल्नु पर्दैन वरिष्ठहरु ? देशका विभिन्न स्थानमा यसरी स्वास्थ्यकर्मीहरु कुटिईरहँदा डा. गोविन्द केसी, डा. भगवान कोइरालालगायतका वरिष्ठहरु चुइक्क बोल्दैनन् । साच्चै डाक्टरको कुटाई उहाँहरुलाई दुख्दैन कि स्वास्थ्यकर्मीका पीडा बाहेक सबैमा मात्र बोल्ने जिम्मेवारीमा हुनुहुन्छ ?



**- सुर्यराज आचार्य**

गएको छ-आठ महिनामा आम नागरिकहरूको सोच, चिन्तन शैली, बुझाइ र प्रतिक्रिया विगतको भन्दा निकै फरक भइसकेको छ । तथापी, हाम्रा राजनीतिज्ञ, मिडियाका न्यारेटिव निर्माता तथा अभियन्ता/अभियान समाजमा आएको यो अप्रत्याशित बदलावसँग बेखबर हो कि जस्तो देखिँदैछन् । पुरानो ‘टिडिक’ले अब काम गर्दैन है !



**- रामेश कोइराला**

डाक्टर भगवान हैनन् र जानीजानी मान्छे मार्ने राक्षस पनि हैनन् । कानूनी उपचार नखोजी हातपात गर्ने हो भने ढुक्क हुनुस्, रेजिडेन्ट र छात्रवृति करारमा टिकेको स्वास्थ्योपचार तपाइँबाट दिनप्रतिदिन टाढा हुँदैछ । ओभरटाइम नदिई बस्दिनँ भने गंगालालमा दिनको तीन वटा मुटु अपरेसनसमेत हुन्न ।

# ‘एनआरएनए अभियानलाई व्यवस्थित बनाउन मेरो उम्मेदवारी’



■ **प्रवीण गुरुङ,**
**उपमहासचिव पदका उम्मेदवार, एनआरएनए**

*गैर आवासीय नेपाली संघ (एनआरएनए)को एघारौँ महाधिवेशनको मिति नजिकिँदै गर्दा विभिन्न पदका आकांक्षीहरूले देश विदेशको दौडाहलाई तिव्रता दिएका छन् । देश तथा विदेशमा भागदौडका बेला मिडिया सामु खुलेर बोल्न लागेका आकांक्षीहरुले आफ्नो पक्षमा मत माग्न सुरु गरेका छन् । कतारलाई कर्मथलो बनाएर एनआरएनए एनसीसी हुँदै आइसिसीसम्म राम्रो छलाङ मारेका वर्तमान कार्यसमितिका सचिव* ***प्रवीण गुरुङ****ले आगामी एक कार्यकालका लागि उपमहासचिव पदमा उम्मेदवारी दिने अनौपचारिक घोषणा गर्दै विश्वका विभिन्न देश पुगेर आफ्नो पक्षमा माहोल बनाउँदै कतार फर्किएका छन् ।*

*एनआरएनए अभियानमा एक दशकभन्दा लामो समय बिताएका गुरुङ हालसम्म सबै पदमा निर्विरोध विजयी हुने एकल उम्मेदवार हुन् । उनले २०१५-१७ मा एनआरएनए कतारका उपाध्यक्ष, २०१७-१९ मा मध्यपूर्व उपसंयोजक २०१९-२०२१ मा मध्यपूर्व संयोजक र २०२१-२०२३ मा सचिवमा निर्विरोध निर्वाचित भएका हुन् । आगामी अधिवेशनमा उपमहासचिव पदमा पनि निर्विरोध निर्वाचित हुने वातावरण सिर्जना गर्न आफूले विश्व दौडाहा गरेको बताउने गुरुङसँग केही प्रश्न गरेका छौं । प्रस्तुत छ, मध्यान्ह राष्ट्रिय दैनिकका कतार संवाददाता* ***तिलु शर्मा पौडेल****ले उप-महासचिवका उम्मेदवार गुरुङसँग गरेको कुराकानीको सम्पादित अंश :*

**एनआरएनए अभियानमा निर्विरोध हुँदै जाने प्रवीण गुरुङसँग त्यस्तो के औषधि छ ?**

लामो हाँस्दै... उकालोमा एक छिन छिटो दौडिँदा थकाई पनि छिटो लाग्ने हुँदा आफू उकालोको यात्रा पूर्ण गर्ने चाहाना बोकेको यात्री हुँदा आफू बिस्तारै अनुभव लिँदै निखारिँदै अगाडी बढेको छु । मलाई एनआरएनए अभियानमा रही सेवा गर्नु छ, हतार गरेर कहीँ पुग्नु छैन । सायद मेरो धैर्यता, इमानदारीता र पदको लालच नहुनु नै निर्विरोध विजयी हुन पाउनु हो ।

**एनसीसी कतारको अभियानसँग जोडिएर आर्थिक अपचलन र दूतावासमा हातपात प्रकरण विवाद उत्कर्षमा रहँदा तपाईं मौन रहनुको कारण के हो ?**

एकै घरका सबै सन्तानको विचार पनि एकै हुँदैन । एनआरएनए एक अभियान हो । अभियानमा हिँडेको यात्रीलाई ठेस लाग्छ, उठ्छ र फेरि हिँड्छ । एनसीसी कतारको विवाद पनि ‘ठेस’ हो उठेर हिँड्छ भन्ने आशा र विश्वास छ । जहाँसम्म मौनताको कुरा छ त्यो पूर्ण सत्य होइन । मैले आफ्नो पदीय स्थानबाट पीडक र पीडित दुवैसँग बसेर कुराकानी गरेको छु । मैले जानेको, देखेको र बुझेको सल्लाह पनि दिएको छु । म न्यायमूर्ति या अदालत पनि होइन, ठ्याक्क निर्णय दिन, अर्को कुरा यो कानूनी उपचारमा गइसकेको विषय भएकोले हामीले समाजले जितोस् भन्ने मात्र हो । यद्यपि, पीडितले न्याय पाउनु पर्छ । न्यायकै लागि कानूनी बाटोमा गएको हो मुद्दा । आर्थिक अपचलनको मुद्दामा छानबिन समितिले काम गरी रहेको र निष्पक्ष नतिजा बाहिर ल्याउनेमा ढुक्क र आशावादी पनि छु ।

**तपाईंलाई उप–महासचिवमा किन भोट दिने ? के छन् योजना तपाईंका ?**

मैले भनिसकेँ म उकालोको पूर्ण यात्रा गर्न चाहने यात्री हुँ । मैले एक्लैले समृद्ध नेपाल बनाउँछु भनेर बोलेर मात्र हुँदैन । मैले आफ्ना योजनालाई कार्यकालभरीमा लागु गर्न र गराउन भरपुर कोसिस गर्ने हो । यदि मैले मेरा प्रतिबद्धता उपर काम गर्न सकिन या काम गर्न अवरोध भयो भने त्यसको जानकारी मैले विश्वभर रहेका एनआरएनए अभियन्तालाई दिनु पर्दछ भन्ने बुझेको छु । आज एक दशक लगभग मैले यो अभियानमा बिताउँदै गर्दा मैले गरेका कार्यसम्पादन हेरेर पनि मलाई भोट दिनुहुनेछ भन्ने विश्वास लिएको छु । उप-महासचिव पदको दाबेदारी पेस गरिरहँदा मैले सुरक्षित र मर्यादित वैदेशिक रोजगारी, सामूहिक लगानी, सीप र पुँजीको सदुपयोग, स्मार्ट एनआरएनए, रेमिट्यान्सको सही सदुपयोगलगायतका एजेण्डा अघि सारेको छु । जसका लागि सर्वप्रथम एनआरएनए नै व्यवस्थित हुनुपर्छ । एकताबद्ध एनआरएनए निर्माण गर्ने मेरो अभियान हो ।

**तपाईंले खेलकुदको विकास र नेपाली नागरिकता निरन्तरताको कुरा जोड्नु भएको छ । यसमा खास योजना ?**

म आफैं आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा तेक्वान्दो खेलको प्रतिनिधित्व गर्दै एनआरएनएको झन्डा फहराउन सफल भएको थिएँ । उक्त प्रतियोगितामा विभिन्न पदक जित्न सफल पनि भएको थिएँ । मैंले सुरुदेखि नै विदेशमा रहेका युवापुस्तालाई खेलकुद तथा कला संस्कृतिमार्फत नेपाललाई जोड्नुपर्छ भन्ने मान्यता राख्दै आएको छु । हरेक नागरिकको स्वास्थ्य र व्यक्तित्व विकाससहित विश्वभर नै राष्ट्र पहिचानको लागि खेलकुद सबैमा अपरिहार्य छ । सोही आशयलाई सार्थकतामा लिनको लागि प्रदेश स्तरीय सुविधा सम्पन्न बहुउद्देश्यीय सपोर्ट क्लबको अवधारणालाई लिई नेपाल सरकारसँग समन्वय गरी कार्य सम्पादन गर्ने लक्ष्य लिएको छु । नागरिकताको विषय हामीले स्थापनाकालदेखि उठाउँदै आएको हो र अहिले यो विषय संशोधन भएको छ । अब यसको कार्यान्वयनसहित वंशजको आधारमा नेपाली नागरिकताको निरन्तरताको लागि थप पहल रहनेछ । साथै, गोर्खा तथा पिएनओका विषयलाई अझै निष्कर्षमा पुर्‍याउन पनि काम गर्ने मेरो योजना छ ।

**अन्त्यमा, महाधिवेशन प्रतिनिधि र एनआरएनए अभियान्तालाई केही भन्न चाहानुहुन्छ ?**

एनआरएनए अभियानमा लागिरहँदा मैले महाभूकम्प, हावाहुरी, बाढी पहिरो, कोभिड-१९ लगायत दैवी विपत्तिको समयमा स्वयम् उपस्थित भई गैरआवासीय नेपाली संघको नेतृत्व गर्दै अस्थायी तथा स्थायी वासस्थान, खाद्यान्न, स्वास्थ्य सामग्रीलगायत विभिन्न राहत सामग्री वितरणलगायतका दर्जनौं सामाजिक कार्य गर्दै आइरहेको सबैलाई अवगत नै छ । यिनै परोपकारी कार्यहरूलाई निरन्तरता दिँदै थप नयाँ योजना तथा प्रतिबद्धतालाई पूरा गर्न महाधिवेशन प्रतिनिधि, एनआरएनए अभियन्ता तथा विश्वभरका नेपालीहरूको साथ सहयोग हुन्छ भन्नेमा विश्वस्त छु ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | दैनिक कार्य सफल हुनेछ । सन्तान सुख प्राप्त हुनेछ । |
| वृष | : | कार्यमा प्रगति हुनेछ । आकस्मिक धनलाभको योग छ । |
| मिथुन | : | मुकद्मा सम्बन्धी समस्याको योग छ । धेरै लाभको कामना गर्नु हुँदैन । |
| कर्कट | : | सबै कार्यमा सावधानी राख्नुपर्छ । शैक्षिक कार्यमा प्रगति हुनेछ । |
| सिंह | : | वैदेशिक यात्रा हुने योग छ । व्यक्तिगत काममा सफलता मिल्नेछ । |
| कन्या | : | पदोन्नति हुने योग छ । धार्मिक कार्यहरुमा सहभागिता बढ्नेछ । |
| तुला | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । पुँजी निवेशमा सावधानी राख्नुहोला । |
| वृश्चिक | : | राजनैतिक कार्य सफल हुनेछ । विधार्थीहरुको लागि समय राम्रो छ । |
| धनु | : | सबै कार्यमा सावधानी राख्नुपर्छ । यात्रा सफल हुनेछ । |
| मकर | : | स्वास्थ्य सामान्य रहनेछ । पारिवारिक दायित्वहरुमा वृद्धि हुनेछ । |
| कुम्भ | : | रुकावटहरु समाप्त हुनेछन् । वाहन सावधानी जरुरी छ । |
| मीन | : | बाहिरी सहयोग प्राप्त हुनेछ । पारिवारिक उल्झनले अशान्ति पैदा गर्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मन्त्रीकै गाउँमा छैन टेलिफोनको टावर



पुर्ण कुमार/मध्यान्ह
डोल्पा, ९ असोज

हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-३ को जिउँ गाउँमा टेलिफोनको टावर बन्न नसक्दा स्थानीयहरूले सास्ती खेप्नु परेको छ। त्रिपुरासुन्दरी नगरपालिकाको अन्य वडाहरु सञ्चार पहुँचमा जोडिँदै गर्दा जिउँ गाउँमा भने टेलिफोनको टावर नहुँदा नागरिकहरूले वर्षौंदेखि सास्ती खेप्नु परेको हो।

गाउँमा सामान्य फोन गर्नपनि कहिले रुखमा चढनुपर्ने त कहिले डाँडाकाँडा धाउनुपर्ने बाध्यता रहेको स्थानीयहरु बताउँछन्। देश संघीयतामा गएको वर्षौं भइसक्दा पनि तीनै तहको सरकारले जिउँ गाउँप्रति खासै चासो नलिएको स्थानीयहरु बताउँछन्।

कसैसँग सम्पर्क गर्नु परेमा घरभन्दा बाहिर छत, डाँडाकाँडा, अग्लो रुखमा जानुपर्ने बाध्यता रहेको महादेव आधारभूत विद्यालयका प्रधानाध्यापक राम बहादुर गुरुङले बताए। गाँउ टावरविहीन भएको वर्षौं भइसक्दा पनि कसैको ध्यान नजाँदा जिउँ गाउँका बासिन्दा इन्टरनेट सेवाबाट समेत वञ्चित हुनु परेको छ।

जिउँ गाउँ कर्णाली प्रदेश सरकार उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्री उर्मिला विश्वकर्माको गाउँ समेत हो। २०७९ मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा कर्णाली प्रदेशको समानुपातिक सांसद बनेकी उर्मिला विश्वकर्मा अहिले प्रदेश सरकारकी मन्त्री समेत छिन्। आफ्नो गाउँ नै यसरी वर्षौंसम्म सञ्चारविहीन हुँदासमेत मन्त्रीसँग कुनै योजना भने देखिँदैन।

निर्वाचनको बेला गाउँमा सञ्चार, शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा विकास गर्ने प्रतिबद्धता जनाएकी मन्त्री विश्वकर्मा निर्वाचनपछि २ पटक मात्रै गाउँमा आएकी छन्। गाँउ आउँदा पनि मन्त्रीसँग सञ्चारका लागि विस्तृत योजना भने नदेखिएको स्थानीयहरु बताउँछन्। मन्त्री विश्वकर्माले केन्द्र सरकारदेखि प्रदेश सरकारसम्म आफ्नै पार्टी सत्तामा रहँदा पनि आफ्नो गाउँलाई सञ्चारको पहुँचमा पुर्‍याउन नसकेको गाउँवासीहरुको गुनासो छ।

# बुढीनन्दामा रहेका औषधि पसलको अनुगमन



धनकृष्ण विश्वकर्मा/मध्यान्ह
बाजुरा, ९ असोज

जिल्ला प्रशासन कार्यालय बाजुराको नेतृत्वमा बाजुराको उत्तरी भेग बढीनन्दा नगरपालिकाभित्र रहेका औषधि पसलहरुको अनुगमन गरिएको छ। जिल्ला प्रशासन कार्यालय बाजुराको नेतृत्वमा सरोकारवालासहितको टोलीले पाँच वटा औषधि पसलको अनुगमन गरेको हो।

जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय बाजुरा, प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी, बुढीनन्दा नगरपालिका स्वास्थ्य शाखा, इलाका प्रहरी कार्यालय कोल्टी, प्रत्रकारलगायतको सहभागितामा बजारमा रहेका औषधि पसलहरुको अनुगमन गरिएको हो।

अनगुमनमा प्रशासन कार्यालयका नायव सुब्बा गोकर्णराज रेग्मी, प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीका प्रमुख डाक्टर प्रतिक न्यौंपाने, स्वास्थ्य कार्यालय बाजुराका नायव सुब्बा केशब चट्ट, बुढीनन्दा नगरपालिका स्वास्थ्य शाखा प्रमुख ओमजंग शाही, प्रत्रकार महासंघ बाजुराका अध्यक्ष छक्क बहादुर मल्ल लगायतको सहभागिता रहेको थियो।

अनुगमनका क्रममा औषधिको मूल्य सूची नराखेको पाइएको छ। मूल्य सूची नराखेका औषधि पसलहरुलाई मूल्य सूची राखेर मात्र पसल सञ्चालन गर्न भनिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशन मिति २०८०/०६/१०**

श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/०४ को निर्णयअनुसार यस **आर.बि.डि. इन्टरनेशनल ट्रेड प्रा.लि.**कम्पनीको नाम परिवर्तन गरी **आर.बि.डि. फर्मा प्रा.लि.**ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने स्विकृति प्राप्त भएको हुदाँ सोही व्यहोरा सर्वसाधारणको जानाकारीको लागि यो सूचाना प्रकाशित गरिएको छ।

**आर.बि.डि. फर्मा प्रा.लि..**
**(R.B.D. Pharma Pvt.Ltd.)**
प्रा.लि.नं. २०५०१४/०७५/०७६), का.जि.का.म.न.पा.वडा नं.-१०

## कम्पनीको नाम परिवर्तन भएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०६/१०

यस कंम्पनीको मिति २०८०/०६/०५ गते सम्पन्न विशेष साधारणसभाको निर्णय तथा मिति २०८०/०६/०९ मा श्री कंम्पनी रजिष्ट्रारको कार्यालयवाट प्राप्त स्वीकृत पत्रको आधारमा यस कंम्पनीको सविकको नाम सिल्भर प्यालेस बैंक्वेट प्रा.लि.(६०५७६१) परिवर्तन भई बुद्ध प्यालेस बैंक्वेट प्रा.लि. रहेको साथै साविक कंम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम बुद्ध प्यालेस बैंक्वेट प्रा.लि.ले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF HYUNDAI ENGINEERING COMPANY LIMITED — शहर : SAUDI
पुर्व स्वीकृत मिति: २०८०/०१/०६ — चलानी नं.: ६०२००४०९ — L.T. No.: 285042 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Site Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८८४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Worker | 3 | 0 | | 1000 | ३५३९० | | | | | | | |
| 3. | Scaffolding Erector | 2 | 0 | | 1200 | ४२४६८ | | | | | | | |
| 4. | Welder | 1 | 0 | | 1300 | ४६००७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ASIAPOWER — Govt Lic No. 1198/073/074
**Asiapower Recruitment Consultants Pvt. Ltd.**
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com

## मलेसियामा रोजगार

कम्पनी: HEXACHASE PACKAGING SDN BHD — शहर: MELAKA
पूर्व स्वीकृत मिति: २०७९/०६/२७ — चलानी नं.: ६०१८९२९० — LT. No.:273431 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 19 | 0 | स. काममा दक्ष | 1500 | ४२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ना विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**आशिर्वाद ओभरसिज प्रा.लि.**
बसुन्धारा, काठमाडौं, नेपाल
Govt. Lic. No. 1211/073/074
www.aashirbadoverseas.com — aashirbadovs@gmail.com
01- 4384630 | 4384094 | 4385038 — 9851067351 | 9851095529

## यूएईमा रोजगार

कम्पनी: READY FORCE SERCURITY SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०६/०८ — चलानी नं.: ६०२०८२५५ — L.T. No.:292983

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 15 | 0 | स. काममा दक्ष | 1200 | ४३,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L — People. Factor. Perspective
**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: BEST CLEAN & CLEAR COMPANY FOR GENERAL CLEANING SERVICES OF BUILDINGS — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/१०/१९ — चलानी नं.: ६०१९५९५५ — LT. No.: 280409 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 12 | स. काममा दक्ष | 100 | ४२,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**BLUE OCEAN RECRUITMENT PVT. LTD.**
श्रम इजाजत नं. ११६३/०७३/०७४
NEW BANESHWOR, KATHMANDU, TEL: 4476215, 4491772 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com

## कतार र मलेसियामा रोजगार

१.कम्पनी: MULTIFOOD FACTORY — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/०६/०९ — चलानी नं.: ६०२०८२३३ — LT. No.: 293008

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७३३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dough Kneader | 3 | 0 | | 1100 | ४००५१ | | | | | | | |
| 3. | Helper | 2 | 0 | | 1000 | ३६४१० | | | | | | | |
| 4. | Waiter | 0 | 2 | | 1400 | ५०९७४ | | | | | | | |

२.कम्पनी: EFFICIENT PROTECTION SERVICES SDN BHD — शहर: SHAH ALAM
पूर्व स्वीकृत मिति: २०८०/०६/०९ — चलानी नं.: ६०२०८२३२ — LT. No.:292996

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.**
(श्रम इजाजत नं: ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२,४९८४१९१,४९८४१९०
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाद अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com
" Real Happiness Lies in Making Other Happy"

## साउदीमा रोजगार

कम्पनी: ARABIAN GLOBAL FOR CONT. AND MAINT. CO. LTD... — शहर: JUBAIL
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ — चलानी नं.: ६०१८२७७८ — LT. No.: 266826 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोन: ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्स: ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np

## मलेसियामा रोजगार

कम्पनी: SULAIMAN SHARIFF SERVICES SDN BHD. — शहर: SELANGOR
पुर्व स्वीकृत मिति: २०७९/१०/१० — चलानी नं.: ६०१९५६०० — LT. No.: 279959 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263 Mob.: 9851010834 | 9808793080
9818272436 | 9823772238 | 9765825837 | 9851035409
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

## मलेशियामा रोजगारको अवसर

कम्पनी : ALPHA ACTIVE INDUSTRIES SDN BHD — शहर : PUCHONG
पुर्व स्वीकृत मिति: २०८०/०६/०८ — चलानी नं.: ६०२०८२१३ — LT. No.: 292981

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

